# रुरु गाउँपालिका

आर्थिक वर्ष ०७५/७६ को

नीति तथा कार्यक्रम

रुरु गाउँपालिका

गुल्मी

५ नं. प्रदेश,नेपाल

## शिक्षा नीति

१ . स्थानीय श्रोतका शिक्षकको तलबमा राहत पुरयाउने आशयले सेलरी P.C.F. को रुपमा अनुदानको व्यवस्था गरिनेछ |

२ . शिक्षाको गुणस्तर विकासका प्रभावकारी योजना बनाइ क्रमिक रुपमा लागु गरिनेछ |

३ .क्याम्पसहरुलाई आंगिक क्याम्पस बनाउन पहल गरिनेछ |

४ . शिक्षकहरुको पेशागत क्षमता र शिक्षण कौशलको अभिवृद्धि गर्न विषयगत तालिमको व्यवस्था गरिनेछ |

५.वाल विकास केन्द्र का सहयोगी कार्यकर्तालाई प्रोत्साहन गरिनेछ|

६.गरिव र विपन्न परिवारका बालबालिका लाइ पाठ्यपुस्तकमा अनुदान दिने व्यवस्था मिलाइनेछ|

७.सर्वदलीय सहमतिका आधारमा विद्यालयलाई बन्द हड्ताल निषेधित शान्ति क्षेत्र घोषणा गरिनेछ |

८ .लक्षित वर्गका प्राथमिक तहमा अध्ययनरत वालवालिकालाई दिवा खाजाको व्यवस्था गरिनेछ|

९.न्युन विधार्थी संख्या भएका विद्यालयहरुबाट कक्षा घटाउने वा अर्को विद्यालयमा समायोजन गर्दै जाने नीति अवलम्बन गरिनेछ|

१०.कार्यसम्पादनको आधारमा पुरस्कार वा दण्डको व्यवस्था गरिनेछ |

११.दृष्टिविहिन, अटिजम लगायतका अपाङ्ग भएका वालवालिकाको सिकाई उपलब्धी ,क्षमता अभिवृद्धि सम्बन्धि कार्यक्रम संचालन गरिनेछ|

## स्वास्थ्य नीति

१ .घर घरमा स्वास्थ सेवा कार्यक्रम लाई अझ बढि प्रभावकारी बनाउन प्रत्येक महिना स्वास्थ्य चौकी बाट एम.बि.बि .एस् डाक्टर सहितको स्वास्थ्य सेवा उपलब्ध गराईने छ |

२ VIA परिक्षण र स्त्रीरोग सम्बन्धि शिविर संचालन गरिनेछ |

३ VIA परिक्षण ,स्त्रीरोग का साथै अन्य स्वास्थ्य परिक्षण सम्बन्धि शिविर संचालन गरिनेछ |

४ |बर्थिंग सेन्टरको संख्या थप गरी ल्याब लाइ व्यवस्थित गर्ने नीति बनाइनेछ|

५ सुत्केरी महिलालाई पोषण प्याकेजको व्यवस्था गरिनेछ|

६ स्वास्थ्य विमा कार्यक्रम लागु गर्न पहल गरिनेछ |

७ गाउँपालिकाको केन्द्रमा सुविधा सम्पन्न अस्पताल निर्माण गर्न पहल गरिनेछ |

## खानेपानी तथा सरसफाई नीति

१ प्रत्येक नागरिक लाई स्वच्छ पिउने पानीको व्यवस्था गरिनेछ |

२ स्वच्छ खानेपानीलाई प्राथमिकता दिनेछ |

३ प्रत्येक घरमा धारा पुऱ्याउने लक्ष्य सहित योजना निर्माण गरिनेछ|

४ सरसफाई कार्यक्रमलाइ प्रभावकारी बनाउने नीति अवलम्बन गरिनेछ|

५ "आफ्नो फोहोर आफै सफा गरौ " भन्ने अभियान संचालन गरिनेछ|

६ फोहोर मैला व्यवस्थापन गर्न निजि क्षेत्र संग सहकार्य गर्ने नीति लिइनेछ |

७ बजार क्षेत्रहरुमा डम्पिंग साइड व्यवस्थित गर्ने योजना बनाइनेछ |

## युवा तथा खेलकुद नीति

१ युवाहरुलाई व्यवसायिक, सिपमुलक तालिम दिइ आय आर्जन वृद्धि गर्ने कार्यक्रम बनाई लागु गरिनेछ|

२ प्रत्येक वडामा खेलकुद पूर्वाधारको विकास गर्दै खेलकुद कार्यक्रमहरुलाई प्रोत्साहित गरिनेछ |

३ प्रत्येक वडामा कवर्डहलहरु निर्माण गर्दै लगीनेछ |

४ युवा क्लबहरुलाई सृजनात्मक तथा रचनात्मक कार्यका लागि प्रोत्साहन गरिनेछ|

## महिला ,वालवालिका ,दलित तथा आदिवासी जनजाती नीति

१ लैंगिक विभेदको अन्त्य गर्दै महिला शसक्तिकरणका कार्यक्रम बनाइनेछ |

२ महिला हिंसा तथा चेलीबेटी वेचविखन बिरुद्ध चेतनामूलक कार्यक्रम संचालन गरिनेछ|

३ महिलाहरुका लागि विभिन्न किसिमका सिपमुलक तथा क्षमता अभिवृद्धि गर्ने खालका तालिम प्रदान गरी स्वरोजगारीका अवसरहरुको सृजना गरिनेछ |

४ दलित समुदायलाई ज्ञान सीपमा आधारित पेशा व्यवसाय संचालन गर्न नयाँ प्रविधि अनुसार अघि बढ्न प्रेरित गरिनेछ |

५ प्रत्येक जाति जनजातीहरुको संस्कृति संरक्षण र सम्वर्दन गर्ने कार्यक्रम अगाडी बढाइनेछ |

## बालबालिका सम्बन्धि निति :-

१ प्रत्येक वडामा बालक्लबको गठन गरि गा.पा. स्तरीय संजाल बनाईनेछ |

२ बालअधिकार सम्बन्धि चेतना अभिवृद्धि गराउने कार्यक्रम हरु संचालन गरिनेछ |

३ बाल हिंसा जन्य क्रियाकलाप लाई निरुत्साहित गर्ने नीति ल्याइने छ |

## ३ सार्वजनिक सेवा तथा क्षमता विकास नीति

१ गाउँपालिका अन्तरगत कर्मचारी र जनप्रतिनिधिकरुको क्षेमता विकासको लागि तालिम संचालन गरिने छ ।

२ कर्मचारी र जनप्रतिनिधीविच सम्वन्ध सुमधुर वनाउन समय समयमा अर्न्तक्रिया कार्यक्रम संचालन गरिने छ ।

३ कालो वजारीलाई उन्मुलन गर्न सरोकारवाला सहितको समिति गठन गरी अनुगमन गरिने छ साथै प्रत्येक पसलहरुमा मूल्यसूची कायम गरिने छ ।

४ विषयगत समितिलाई प्रभावकारी वनाउन तालिमको व्यवस्था गरिने छ ।

५ आइ. टि. क्षेत्रका कार्यक्रमहरुलाई प्रभावकारी ढंगवाट अघि वढाइने छ ।

६ गाउँपालिका क्षेत्र भित्रका सार्वजनीक तथा पर्ति जग्गाहरुको पहिचान गरी संरक्षण गरिने छ साथै उक्त जग्गाको अतिक्रमण गर्नेहरुलाई दण्डीत गरिने छ ।

७ गाउँपालिका क्षेत्र अन्तरगत वजार क्षेत्रमा हाट वजारको व्यवस्था मिलाईने छ । यसलाई क्रमैसंग सवै वडाहरुमा विस्तार गरिने छ ।

८ दैविप्रकोप,माहामारी,आगलागी जस्ता कुरालाई जनता समक्ष पु-याउन संचार माध्यमवाट सूचना प्रवाह निरन्तररुपमा गरिने छ । र न्युनिकरण गर्न सभा,गोष्ठी प्रशिक्षण चलाईने छ ।

९ योजना समयमै सम्पन्न गर्न गुणात्मक वनाउन प्रत्येक वडामा प्राविधिक कर्मचारीको व्यवस्था गरिने छ ।

१० रुरु गाउँपालिकाको कार्यालयको सेरोफेरोमा प्रहरी चौकिको व्यवस्था गरिने छ ।

११ रुरु गाउँपालिका अन्तरगतका वजार क्षेत्रमा पार्किङ्गको व्यवस्था गरिने छ ।

१२ प्रत्येक वडाहरुमा संगठित क्लव तथा युवाहरुलाई स्वयमसेवकको रुपमा योजना कार्यान्वयनमा परिचालन गरिने छ ।

१३ रुरु गाउँपालिका अन्तरगतका सवै कार्यालय र विद्यालयहरुमा विद्युतीय हाजिरीको व्यवस्था मिलाइने छ ।

१४ सवै योजना अन्तरगतका उपभोक्ता समितिलाई तालिमको व्यवस्था मिलाइने छ ।

१५ समाजमा भएका कुरिति,अन्धविश्वास,जातिय विभेद,लैङ्गिक विभेद हटाउन जनचेतनामुलक कार्यक्रमहरु संचालन गरिने छ ।

१६ मदिरा वेचविखनको लागि स्वीकृत लिएका पसलहरुवाट समय निर्धारण गरी वेच्ने व्यवस्था मिलाईने छ । जथाभाबी मदिरा सेवनलाइ नियन्त्रण गरिनेछ |

## भौतिक पूर्वाधार विकास सम्वन्धी निति

१ गाउँपालिका भित्र निर्माण गरिने भवनको नक्सा पासको लागि प्राविधिकको अनिवार्य व्यवस्था गरिने छ ।

२ संचालित योजनाहरुको अनुगमन गर्दा कम्तिमा ३ पटक(शुरु,विच र अन्त्यमा)गरिने छ ।

३ सडकको मापदण्ड अनुसार निर्माण भएका वाटोमा अनिवार्य नालिको व्यवस्था गरिने छ ।

४ विद्युतिय क्षेत्रमा देखिएको अनियमिततालाई व्यवस्थित र नियमित गरिनेछ ।

५ गाउँपालिका भित्रका गौरवका योजनाको छनौट गरि क्रमागतरुपमा सम्पन्न गर्दै लगिने छ ।

६ गाउँपालिकाको केन्द्र देखी प्रत्येक वडा कार्यालय जोड्ने सडकहरुको स्तरोन्नती गर्दै लगिने छ ।

७ गाउँपालिका बाट सञ्चालन हुने पूर्वाधार विकास कार्यक्रमहरु सरोकारवालाहरु बाट नै सार्वजनिक तथा सामाजिक परिक्षण गर्ने कार्यको थालनी गरिने छ ।

८ गाउँपालिका क्षेत्रको सडक सञ्जालमा सबै गाउँवासीहरुको पहुँच बढाउन आवश्यकताका आधारमा नयाँ सडकको निर्माण र भएका सडकहरुको स्तरोन्नती गरिने छ ।

९ वस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्वन्धी आधारभूत निर्माण मापदण्ड, २०७२ कार्यान्ययन गर्दै लगिने छ ।

१० गाउँपालीका क्षेत्रमा भवन निर्माण गर्दा गाउँपालीकाको अनुमती लिएर र नक्सापास गरेर मात्र निर्माण गर्ने कार्यको थालनी गरिने छ ।

११ एउटा वडावाट अर्को वडा जोड्ने ठाउँमा आवश्यकताको आधारमा झोलुङ्गे पुल निर्माण गरिने छ ।

१२ कालोपत्रे सडक सडक विभागको मापदण्ड अनुसार र लामोदुरीका वडा कार्यालय छुने मोटर वाटो ८ मिटर बनाउने निती लिइने छ । तथा भित्री शाखा वाटोहरु कस्तीमा ४.५ मिटर भन्दा कम नहुने गरी निर्माण गर्ने निति लिइने छ ।

## विपद् व्यवस्थापन सम्वन्धी निति

१३ स्थानीय स्तरमा विपद् व्यवस्थापन सम्वन्धी निति,कानुन,मापदण्ड र योजनाको कार्यन्वयन गरिने छ ।

१४ स्थानीय स्तरमा विपद् पूर्व तयारी खोज तथा उद्धार राहत सामाग्रीको भण्डारण र वितरण गरिने छ ।

१५ विपद् जोखिम न्युनिकरण सम्वन्धी स्थानीय स्तरका आयोजनाको तर्जुमा कार्यान्वयन र अनुगमन गरिने छ ।

१६ विपद् व्यवस्थापन कोषको स्थापना र श्रोत साधनको परिचालन गर्ने निति लिइने छ ।

१७ सकेसम्म छिटो सेवा प्रदान गरिने निति लिइने छ ।

१८ आगलागि तथा वन डढेलो वाट वचाउनको लागि चेतनामुलक कार्यक्रम संचालन गरिने निति लिइने छ ।

## आर्थिक नीति

१ गाउँपालिकाको सम्पूर्ण आर्थिक कारोवार बैंक मार्फत गरिनेछ |

२ रुरु गा.पा .भित्रका उद्योग वाणिज्य संघ र बजार व्यवस्थापन समितिहरु लाई  क्रियाशील बनाईनेछ  र दैनिक उपभोग्य वस्तु सर-सामानको मुल्यमा एकरुपता ल्याइनेछ |

३ वित्तिय संस्थाहरुलाई व्यवस्थित गरि संचालन गर्ने नीति ल्याइनेछ |

४ सहकारी संस्थाहरुलाई दर्ता भएका वा नभएका संस्थाहरुलाई दर्ता गरि प्रोत्साहन गर्ने नीति ल्याइनेछ |

५ बैंक ,वित्तिय संस्था र गैर सरकारी संस्थाहरु लाई गा.पा. मा दर्ता गरी व्यवस्थित ढंगले संचालन गर्न निति ल्याइने छ |

६ स –साना घरेलु उद्योगहरु लाइ प्रोत्साहन गर्दै ठुला उद्योगहरुलाई व्यवस्थापन गरि संचालन गर्ने नीति ल्याइनेछ |

७ धार्मिक स्थलहरु जस्तै रुरु क्षेत्रधाम रुरु-१ , श्रृगेश्वर धाम रुरु ४ , अचमेश्वर ,सिद्धबाबा रुरु -२ , बम्घाकोट रुरु ६ लगायत अन्य प्राकृतिक स्रोत साधनहरुको अवलोकन गराई आन्तरिक तथा बाहय पर्यटकहरुलाई भित्राई आयस्रोत वृद्धि गर्ने नीति ल्याइनेछ |

८ कृषि पेशा लाई पेशा आधुनिकिकरण तथा व्यवसायिककरण गर्दै लगिनेछ | साथै किसानहरुको आय आर्जनलाइ वृद्धि गर्दै लगिने छ |किसानको आवश्यकतालाइ अनुदान मार्फत व्यवस्थापन मिलाइनेछ | किसानहरुको मुल्यांकन गरि प्रोत्साहन गर्ने नीति ल्याइनेछ |

९ कृषि तथा पशु पालन व्यवसायलाई निश्चित प्रतिशत अनुदानको व्यवस्था गरिने छ |

१०व्यवसायिक पशुपालक किसान हरुलाई उन्नतजातका गाई ,भैसी ,बोका ,बाख्रा कुखुराहरु पाल्न प्रोत्साहित गरिनेछ | त्यस्ता पशुपालक किसान हरुलाई आवश्यकता अनुसारका औषधि तथा अन्य उपकरणहरु उपलब्ध गराउने नीति ल्याइने छ |

११रुरु गा.पा. अन्तर्गत प्रत्येक वडामा कृषि तथा पशुपालन पकेट क्षेत्र बनाइने छ र फलफुल हुने क्षेत्रलाई विशेष प्रोत्साहन गरिनेछ |

१२किसानले लगाएको वाली नालिलाइ क्षति पुराउने बन्यजन्तुहरु लाई नियन्त्रण गर्न नीति ल्याइनेछ |

## आर्थिक प्रशासन तथा राजस्व परिचालन सम्वन्धी निति

१ गाउँपालिका स्तरीय राजस्व परामर्श समितीले राजस्वका श्रोत, दर र दायरा अध्ययन, विश्लेषण गरी दिएका सुझाव एवं सिफारिसलाई गाउँपालिकाको राजस्व नितिको आधारको रुपमा अवलम्बन गरिने छ ।

२ वेरुजु फछ्यौट गर्ने कार्यलाई प्रभावकारी रुपमा लगिने छ ।

३ आन्तरिक स्रोतका कर, शुल्क, दस्तुर महशुल असुली व्यवस्थालाई प्रभावकारी बनाई गाउँपालिकाको विकासको गति लाई दिगो र भरपर्दो बनाउनको लागी राजस्व असुली प्रक्रिया लाई व्यवस्थीत गरिने छ ।

४ मालपोत तथा भूमीकर, व्यवसाय कर, वहालकर, सिफारिस दस्तुर लगायतका कर तथा अन्य स्रोतहरुको लगत  अद्यावधिक गर्दै लगिने छ ।

५ गाउँपालिकाको क्षेत्राधिकार भित्र रहेका आन्तरिक आयका स्रोतहरुको पहिचान तथा समूचित उपयोग गरी समयानुकुल आन्तरिक स्रोत वृद्धि गर्दै लैजाने निति लिइने छ ।

६ आर्थिक कारोवार मितव्ययी र पारदर्शी ढंगले संञ्चालन गरिने छ ।

७ वैज्ञानिक कर प्रणाली लागु गरीने छ ।

८ उद्योग वाणिज्य संघ संग समन्वय गरी प्रत्येक पसलमा अनिवार्य रुपले मूल्य सुची राख्ने व्यवस्था मिलाइने छ ।

## उर्जा सम्बन्धी निति

९ समुदायको सहभागितामा सडक वत्तीको व्यवस्थापन गरिने छ ।

१० सम्भव भए सम्म जलविद्युत, सौर्य उर्जा, हावा तथा अन्य स्रोतहरुको उपयोग गरी मितव्ययी र दीर्घकालिन उपयोग लाई ध्यान दिई महसुल भुक्तानीलाई समुदायमा नै दायित्व रहने गरी व्यवस्था मिलाइने छ ।

११ यसै गाउँपालिका अन्तर्गतका बजार क्षेत्रमा सौर्य उर्जा प्रणाली मार्फत सडक वत्ति व्यवस्थापन गर्न गाउँपालिका र बैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रको सहकार्य र समन्वयमा कार्यक्रम अगाडी बढाइने छ ।

१२ विद्युत सेवावाट वञ्चित भएका घरधुरीमा अविलम्व विद्युत पुऱ्याइने छ ,साथै काठका जिर्ण पोललाई अविलम्व हटाउने व्यवस्था गरि स्टिल पोलको व्यवस्था गरीने छ ।

# विविध

१ गाउँपालिकाको भिलेज प्रोफाइल तयार गर्ने क्रममा रहेकोले तत्काल प्रकाशन गरिनेछ |

२ केही क्षेत्रका रणनितिक योजना बनाई सकिएको र बाँकी क्षेत्रका अल्पकालीन ,मध्यकालिन र दीर्घकालीन रणनितिक योजना निर्माण गरि कार्यान्वयन गरिनेछ |

३ आगामी आ.व. (२०७५ /७६ ) देखी संचालन गरीने योजना /आयोजनाहरु जेठ मशान्त भित्र सम्पन्न गर्ने नीति लिईनेछ |